# हेलम्बु गाउँपालिका

हेलम्बु गाउँपालिकाद्धारा प्रकाशित

खण्डः ५) सिन्धुपाल्चोक, असार २० गते, २०७९ साल (संख्याः१)

## भाग - १

**हेलम्बु गाउँपालिका**

**बागमती प्रदेश ३, नेपाल**

**गाउँसभाबाट पारित मितिः** २०७९।०३।१०

**प्रमाणिकरण मितीः** २०७९।०३।२०

## हेलम्बु गाउँपालिकाको विनियोजन विधेयक २०७९

**प्रस्तावनाः**

नेपालको संविधानको धारा २२१ तथा २२६ मा रहेको स्थानिय तहको व्यवस्थापकीय तथा कानुन बनाउन पाउने अधिकारको आधारमा हेलम्बु गाउँपालिकाको गाउँसभाले यो ऐन निर्माण गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम हेलम्बु गाउँपालिकाको विनियोजन ऐन, २०७९ रहेको छ ।

(२) यो ऐन २०७९ श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०७९।०८० को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकारः**

१) आर्थिक वर्ष २०७९।०८० को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची (१) मा उल्लेखित चालु खर्च, पूँजिगत खर्च वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ४९,६३,५५,०००।- (अक्षरेपी उनान्चास करोड त्रिसठ्ठी लाख पचपन्न हजार रुपैंया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

**३. विनियोजनः**

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९।०८० को निमित्त हेलम्बु गाउँपालिकाको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति, र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित

रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी शीर्षकमा बाहेक अन्यचालू खर्च शीर्षकतर्फ सार्न र वित्तीयव्य व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनीयोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पुँजीगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

३) उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै पनि उपभोक्ताले चैत्र मसान्तभित्र सम्झौता गरी काम सुचारु नगरेमा उक्त आयोजना गाउँकार्यपालिकाको बैठकबाट निर्णय गरी अन्य आयोजनामा रकमान्तर गरी खर्च गर्न सकिने छ ।

५) यस ऐन बमोजिम विनियोजन गरिएको रकममध्ये शिक्षा, स्वास्थ्य, पशु सेवा र कृषि विकास क्षेत्रमा विनियोजीत रकमलाई विषयगत निकायबाट विस्तृत कार्यक्रम प्रस्तुत भएमा गाउँकार्यपालिकाले अध्ययन गरी स्वीकृत गरी खर्च गर्न सकिने छ।

# अनुसूची -१

## (दफा २ सँग सम्बन्धित)

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम

## संञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | संघीय सशर्त तर्फ चालु | प्रदेश सशर्त तर्फ | संघ विशेष अनुदान | संघीय शर्शत चालु | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ९ |
| १ | **गाउँ कार्यपालिका** | ६,७९,५०,०००।- | २१,९०,९२,०००। - | १५,५६,५२,०००। - | ३,४२,६१,०००। - | १,००,००,०००। - | ९४,००,०००। - | ४९,६३,५५,०००।- |

आज्ञाले

भिम प्रसाद पराजुली

प्रमुख प्रशासकीय अधिर्कत

मूल्य रु. ५/- मात्र